# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) जनकपुरधाम, असार ३१ गते, २०७६ साल (पूर्व अतिरिक्ताङ्क १(ख)


## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## विनियोजन ऐन, २०७६

सम्वत २०७६ सालको ऐन नं. ०४

**आर्थिक वर्ष २०७६/०७७ को प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावनाः आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो

रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, प्रदेश नं.२ को प्रदेश सरकार प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

२. <u>आर्थिक वर्ष २०७६/०७७ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u> आर्थिक वर्ष २०७६/०७७ को निमित्त अनुसूचि-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूचि २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचिको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्चको समेत उल्लेख गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ३८,३८,५२,०२,०००/-(अक्षरेपी अठ्तीस अर्ब अठ्तीस करोड बाउन्न लाख दुइ हजार मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को लागि अनुसूचि २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुसूचि २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने

र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शिर्षक वा उपशिर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण:</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको त्रैमासिक रुपमा चार किस्तामा दाखिल गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइ कार्यालयमा प्रत्येक आर्थिक वर्षको त्रैमासिक र वार्षिक आर्थिक विवरण अर्को वर्षको साउन २५ गतेभित्र पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानिय तहको सञ्चित कोषमा दाखिला गरिने छैन ।

(५) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा आर्थिक वर्षको भाद्रको १५ गतेसम्म दाखिला गर्नेछ ।

(६) स्थानिय तहले खर्च भएको रकमको विवरण आर्थिक वर्षको पौष मसान्त भित्र र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २५ गते भित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइ कार्यालयमा पेश गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम पेश भएको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदान मध्ये उपदफा (५) बमोजिम दाखिल भएको रकम घटाई बाँकी रहेको रकम क्रमशः सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिल गर्नेछ।

(८) उपदफा (६) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन ।

(९) प्रदेश सरकारले स्वीकृतगरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपुरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ ।

(१०) सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक

कार्यालय वा प्रदेश लेखा ईकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

५. <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था</u>: (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयबाट स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ।

(३) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय

तहले त्यस्तो योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालयर सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (२) बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा स्थानीय तहको कार्यालयलाई प्रादेशिक निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित प्रदेश कानून बमोजिमको रकम निकासा दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा स्थानीय तहको योजना तथा कार्यक्रमको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा स्थानीय निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ ।

(७) उपदफा (३) बमोजिम संघको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत

कार्यान्वयन गर्ने निर्णय भएमा संघले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाईको रुपमा रहेको कार्य सञ्चलान कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षण:</u> (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराइ त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ ।

७. <u>वित्तीय अनुशासन:</u> (१) स्थानीय तहले कानून बनाई आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछ ।

(क) प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रचलित प्रदेश कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली अनुशरण गर्ने ।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृतिः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइ कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले प्रन्ध दिन भित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँडबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

तर राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

९. <u>कार्यविधी तथा मापदण्ड बनाउन सक्ने:</u> (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

१०. <u>आदेश जारी गर्न सक्ने:</u> यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ ।

अनुसुची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

<u>प्रदेश संञ्चित कोषमाथि व्ययभार हुने रकम</u>

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या र उपशिर्षक संकेत संख्या | मन्त्रालय/ निकायहरुको नाम | चालु तर्फ | पुँजिगत तर्फ | वितिय व्यवस्था | कुल बजेट |
| १ | २०२ | प्रदेश सभा | ८४,५९ | ० | ० | ८४,५९ |
| २ | ५०२ | अर्थ- आन्तरिक ऋण भुक्तानी | १३,००,०० | ० | २०,००,०० | ३३,००,०० |
| ३ | ६०२ | अर्थ -विविध | २०,०० | ० | ० | २०,०० |
| | | कुल जम्मा | १४,०४,५९ | ० | २०,००,०० | ३४,०४,५९ |

अनुसुची -२

(दफा २ र ३ सँग सम्वन्धित)

## प्रदेश संञ्चितकोषबाटविनियोजन हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| सं. | अनुदान संख्या र उपशिर्षक संकेत संख्या | शिर्षकको नाम | चालु तर्फ | पुँजिगततर्फ | वितिय व्यवस्था | कुल बजेट |
| १ | २०२ | प्रदेश सभा सचिवालय | ३७६,४६५ | ५९,१०० | ० | ४३५,५६५ |
| २ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४९८,१५१ | ४०५,३३५ | ० | ९०३,४८६ |
| ३ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९९,९१८ | ४७,६९० | ० | २४७,६०८ |
| ४ | ३०७ | उधोग,पर्यटन,वन तथा वातावरण मन्त्रलाय | ११०६,६९९ | १,७०२,२२५ | ० | २,८०८,९२४ |
| ५ | ३१२ | भूमीव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २,०९७,५६८ | १,४०४,८५८ | ० | ३,५०२,४२६ |
| ६ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २३६,१६४ | ६८५,१३० | ० | ९२१,२९४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९४३,३७९ | ७,१०४,३४९ | ० | ८,०४७७२८ |
| ८ | ३५० | सामाजिक विकास मन्त्रालय | ३,००८,७६४ | ९८०,९४७ | ० | ३,९८९,७११ |
| ९ | २१६ | मुख्य न्यायधिवक्ताको कार्यालय | २८,०७६ | ७,४५० | ० | ३५,५२६ |
| १० | ३९१ | प्रदेश नीति आयोग | ४७,५५६ | ८,३८० | ० | ५५,[illegible] |
| ११ | ६०२ | अर्थ विविध | ७,६००,००० | ६,८६०,००० | ० | १४,४६०,००० |
| १२ | ८०१ | स्थानीय तह | २,९७६९,९८ | ० | ० | २,९७६,९९८ |
| | | कुल जम्मा | १९,११९,७३८ | १९,२६५,४६४ | ० | ३८,३८५,२०२ |

प्रमाणीकरण मिति-२०७६/०३/३१

आज्ञाले,
कृष्णहरि पुष्कर
प्रदेश सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०/-
गो.हु.द.नं. १६।२०६२।६३